सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक ८ ♦ २०८३ साल असोज २० मंगलवार ♦ 6 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेशमा भ्रष्टाचार सम्बन्धी १० हजारभन्दा बढी उजुरी दर्ता



**खबर दर्पण समाचारदाता**

**असोज १९ गते, बर्दिवास**

आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशसँग सम्बन्धित भ्रष्टाचार सम्बन्धी १० हजार ७ सय ४६ उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएको छ ।

सोमबार मधेस प्रदेश प्रमुख सुरेन्द्रलाल कर्णसक्षम अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासले प्रस्तुत गरेको ३६ औं वार्षिक प्रतिवेदन अनुसार देशभर दर्ता भएका कुल ४० हजार ८ सय ४२ उजुरीमध्ये मधेस प्रदेशको मात्रै २६.३१ प्रतिशत उजुरी रहेको छ । प्रदेशगत रूपमा मधेस बागमती प्रदेशभन्दा पछाडि दोश्रो स्थानमा रहेका छन् । मधेसमा प्रदेश सरकार र स्थानीय तहसँग सम्बन्धित उजुरीको संख्या अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी रहेको प्रतिवेदनमा उल्लेख छ । मधेसमा दर्ता भएका १० हजार ७ सय ४६ उजुरीमध्ये स्थानीय तहसँग सम्बन्धित मात्रै ७ हजार ३ सय ७० (६८.५८) प्रतिशत छन् । प्रदेश सरकारसँग सम्बन्धित १ हजार ४ सय ७५ (१३.७२) प्रतिशत र संघीय सरकारसँग सम्बन्धित १ हजार ९ सय १ (१७.६९) प्रतिशत उजुरी दर्ता रहेको बताइएको छ ।

*बाँकी पृष्ठ ३ मा*

## कांग्रेसको संशोधित विधान पारित, केन्द्रीय कार्यसमिति २९७ सदस्यीय

**खबर दर्पण समाचारदाता**

**असोज १९ गते, बर्दिवास**

नेपाली कांग्रेसको संशोधित विधान पारित भएको छ । कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत सोमवार खुलामञ्चमा जारी बन्द सत्रले महामन्त्री प्रदीप पौडेलले प्रस्तुत गर्नुभएको संशोधित विधान पारित गरेको हो ।




प्रवक्ता देवराज चालिसेका अनुसार संशोधित विधानमा कांग्रेसको केन्द्रीय कार्यसमिति २९७ सदस्यीय हुने व्यवस्था गरिएको छ ।

जसअनुसार सभापति एक, वरिष्ठ उपसभापति एक र उपसभापति चार जना रहनेछन् । चार उपसभापतिमध्ये एक जना महिला अनिवार्य गरिएको छ । यस्तै, तीन जना महामन्त्रीमध्ये एक जना महिला अनिवार्य गरिएको छ भने १५ जना सहमहामन्त्री रहने व्यवस्था गरिएको छ ।

कोषाध्यक्ष केन्द्रीय सदस्यमध्येबाट एक जना चयन हुनेछन् । प्रवक्ता र सहप्रवक्ताको पनि व्यवस्था गरिएको छ ।

केन्द्रीय सदस्यतर्फ खुलाबाट ४५, खुला महिलाबाट १५ तथा प्रत्येक प्रदेशबाट एक महिलासहित चार जना निर्वाचित हुनेछन् । उपत्यकाबाट एक महिलासहित दुई जना चयन हुने व्यवस्था छ ।

समावेशीतर्फ दलितबाट १४, आदिवासी जनजातिबाट २०, खस आर्यबाट १८, मधेसीबाट १३, थारूबाट ६ र पिछडिएको वर्गबाट तीन जना रहनेछन् । यस्तै, जनसम्पर्क समितिबाट सात, श्रमिकबाट तीन र पेशागत विज्ञबाट सात जना केन्द्रीय सदस्य रहने व्यवस्था गरिएको छ ।

सातै प्रदेशबाट ३५ वर्षमुनिका २१ जना युवा केन्द्रीय सदस्य रहनेछन् । अपाङ्गता भएका व्यक्तिबाट एक जना र प्रजातन्त्र सेनानीबाट तीन जना रहने व्यवस्था गरिएको छ ।

केन्द्रीय कार्यसमितिले थप ६६ जना सदस्य मनोनित गर्नेछ । संशोधित विधान आज पारित भए पनि सभापति, उपसभापति र कोषाध्यक्षको प्रतिवेदन भने भोलिको बन्द सत्रले पारित गर्नेछ ।

भोलि (मंगलवार) बिहान १० बजेदेखि उम्मेदवारको मनोनयन हुने भएकाले विधान सोमबार नै पारित गरिएको हो ।

## पूर्वसहमहामन्त्री महेन्द्र यादवले पुनः सहमहामन्त्रीमै उम्मेदवारी दिने

**खबर दर्पण समाचारदाता**

**असोज १९ गते, बर्दिवास**

नेपाली कांग्रेसको १५औँ महाधिवेशनमा पूर्वसहमहामन्त्री महेन्द्र यादवले पुनः सहमहामन्त्री पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । १४औँ महाधिवेशनमा मधेसी क्लस्टरबाट सहमहामन्त्री निर्वाचित भएका यादवले यसपटक पनि सोही क्लस्टरबाट सहमहामन्त्री पदमै उम्मेदवारी दिने घोषणा गरेका हुन् ।

आफ्नो उम्मेदवारीबारे स्पष्ट पार्दै यादवले कांग्रेसलाई विचारमा स्पष्ट, संगठनमा सक्रिय, आचरणमा अनुशासित, शासनमा जवाफदेही र जनतासँग निरन्तर जोडिएको पार्टी बनाउने उद्देश्यले पुनः सोही पदमा उम्मेदवारी दिन लागेको बताए ।

उनले लोकतान्त्रिक गणतन्त्र, समावेशिता र समानुपातिक व्यवस्थालाई सुदृढ गर्न, पार्टीलाई एकढिक्का बनाउन तथा बहुदलीय र संसदीय व्यवस्थालाई कमजोर बनाउने प्रयासविरुद्ध कांग्रेसलाई सशक्त बनाउन उम्मेदवारी दिन लागेको बताए ।

यादवले यसअघि पनि सहमहामन्त्री पदमा बसेर काम गरिसकेकाले पुनः अवसर पाए पार्टी र कार्यकर्तालाई एकढिक्का बनाउन सहज हुने दाबी गरे । आफूभन्दा माथिल्लो पदमा उम्मेदवारी दिनुपर्ने सुझाव बारे उनले आफू 'अपग्रेड' भएर जानुपर्ने भए पनि पार्टीका धेरै सिनियर नेताहरू उपसभापति र महामन्त्रीमा उम्मेदवारी दिने तयारीमा रहेकाले उनीहरूको अपेक्षालाई ध्यानमा राख्दै यसपटक पनि सहमहामन्त्रीमै प्रतिस्पर्धा गर्ने निर्णय गरेको बताए ।

तरुण दलको केन्द्रीय अध्यक्ष, नेपाल विद्यार्थी संघको केन्द्रीय उपाध्यक्ष तथा कांग्रेसको सहमहामन्त्रीको जिम्मेवारी सम्हालिसकेका यादवले आफ्नो राजनीतिक योगदानका आधारमा पनि पार्टीका नेता-कार्यकर्ताले सहयोग गर्ने विश्वास व्यक्त गरे । प्रजातन्त्र पुनःस्थापनाका लागि २०३६ सालदेखि नै संघर्ष गरेको र पटक-पटक जेलनेलसमेत भोगेकाले अहिले देशमा देखिएका समस्या समाधानमा आफ्नो भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ छ ।

यादव कांग्रेसको मधेसी समुदायबाट राष्ट्रिय राजनीतिमा स्थापित नेता हुन् । उनी लामो समयदेखि कांग्रेसको केन्द्रीय राजनीतिमा सक्रिय रहँदै आएका छन् । संसदीय र कार्यकारी दुवै भूमिका निर्वाह गरिसकेका यादव संविधानसभा तथा व्यवस्थापिका-संसद्का सदस्यसमेत भइसकेका छन् ।



मधेसी क्लस्टरबाट यसअघि नै सहमहामन्त्री निर्वाचित भइसकेकाले यही पदमा पुनः प्रतिस्पर्धा गर्नु आफ्नो स्थापित राजनीतिक आधारलाई निरन्तरता दिने प्रयास भएको यादवको भनाइ छ । उनका अनुसार कांग्रेसको संरचनामा मधेसी क्लस्टरको सहमहामन्त्री पदले मधेसी समुदायको प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण संस्थागत भूमिका राख्छ ।

उनले सहमहामन्त्री पद व्यक्तिगत राजनीतिक हैसियतसँगै मधेसी समुदायको प्रतिनिधित्वसँग जोडिएको पद भएकाले पनि यही क्लस्टरबाट पुनः उम्मेदवारी दिन लागेको बताए ।

पछिल्ला निर्वाचनमा मधेसमा कांग्रेससहित परम्परागत दलहरूले नयाँ राजनीतिक शक्तिसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था बनेको यादवको भनाइ छ । यस्तो अवस्थामा मधेसबाट पार्टीको पदाधिकारी तहमा अनुभव भएको नेताका रूपमा आफूले सहमहामन्त्री पदमा उम्मेदवारी दिँदा कांग्रेस र मधेसबीचको सम्बन्धलाई थप मजबुत बनाउन सहयोग पुग्ने उनले बताए।

# जानकी मन्दिर संरक्षित क्षेत्र घोषित, युनेस्कोको विश्व सम्पदा सूचीमा पार्न के गर्नुपर्ला ?

खबर दर्पण समाचारदाता

**असोज १९ गते, बर्दिवास**



संघीय सरकारले जानकी मन्दिरले ओगट्ने क्षेत्रफल तोक्ने कार्य सम्पन्न गरेपछि जनकपुरबासिन्दाहरूमा जानकी मन्दिर विश्व सम्पदा सूचीमा पर्ने विश्वास पलाएको छ ।

धनुषा-३ बाट निर्वाचित रास्वपा सांसद मनिष झाको पहलपछि १३ भदौको मन्त्रिपरिषद् बैठकले जानकी मन्दिरले ओगट्ने क्षेत्र तोकेर राजपत्रमा सूचनासमेत प्रकाशित गरिसकेको छ ।

मिथिला सभ्यता, रामायण परम्परा, सीता-रामसँग जोडिएको धार्मिक आस्था, प्राचीन पोखरी, मठ-मन्दिर र मैथिली कला-संस्कृतिको केन्द्रका रूपमा विशिष्ट ऐतिहासिक र सांस्कृतिक परिचय बनाएको जनकपुरको प्रमुख सम्पदा जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने विषय लामो समयदेखि चर्चामा रहँदैआएको छ । तर यसका लागि आवश्यक पर्ने यसको सीमाना (चार किल्ला) तय गर्दै त्यसलाई संरक्षित क्षेत्र तोक्ने काम भने हुन सकेको थिएन ।

पटक-पटक चुनावी एजेण्डा बन्दै आएको यो विषयलाई मूर्तरूप दिने गरी यसको चार किल्ला तोक्ने काम नयाँ सरकार बनेपछि मात्र हुनसक्यो । गत निर्वाचनमा धनुषा-३ बाट निर्वाचित रास्वपा सांसद मनिष झाको निरन्तरको पहल पछि यो काम सम्पन्न भएको हो ।

निर्वाचनका क्रममा जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने विषयलाई महत्त्वका साथ उठाएका झाले निर्वाचित भएपछि पनि यो विषयलाई प्राथमिकता दिँदै आएका थिए ।

उनले मन्दिर वरपर समुचित पार्किङको व्यवस्था गरिनुपर्ने, भवनको उचाइ र अन्य संरचनाको संरक्षणलगायतका विषयमा ध्यान दिनुपर्ने विषय उठाउँदै आएका थिए ।

त्यसो त, यसअघि पनि अन्य उम्मेदवारहरूले यो विषयलाई चुनावी एजेण्डा नबनाएका होइनन् । तर, विश्व सम्पदा सूचीमा पार्ने विषयमा समुचित पहल भने हुनसकेको थिएन ।

झाले निर्वाचनमा विजय हासिल गरेपछि निरन्तर जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा पुर्‍याउन आवश्यक प्रक्रिया र पहललाई प्राथमिकता दिइरहे । जसका कारण जनकपुरबासिन्दाको दुई दशक पुरानो आशा अब वास्तविकतामा परिणत हुने क्रममा छ ।

धेरै अगाडिदेखि चर्चाको विषय बन्दै आएको जानकी मन्दिरलाई विश्व सम्पदाका रूपमा अघि बढाउन महत्त्वपूर्ण आधार १६ माघ २०६४ मा तयार भएको थियो । त्यसदिन जानकी मन्दिर युनेस्कोको 'विश्व सम्पदा अस्थायी सूची'मा समावेश भएको थियो ।

'विश्व सम्पदा अस्थायी सूची' कुनै मुलुकले भविष्यमा विश्व सम्पदा सूचीमा नामांकन गर्न चाहेका सम्भावित सम्पदाको प्रारम्भिक सूची हो ।

अस्थायी सूचीमा परेको सम्पदालाई स्थायी सूचीमा पार्न त्यो सम्पदाबारे विस्तृत अध्ययन, संरक्षण तथा व्यवस्थापन योजना, आवश्यक दस्तावेज, सीमाङ्कन गर्नुपर्छ । यी प्रक्रिया पूरा भएपछि विशेष पुस्तिका बनाएर युनेस्कोले तय गरेको प्रक्रियामा जानुपर्ने जानकारहरू बताउँछन् ।

तर, सन् २००८ मै अस्थायी सूचीमा परिसकेको यो सम्पदालाई स्थायी सूचीमा पार्न आवश्यक पर्ने यही प्रक्रिया झण्डै दुई दशकसम्म अघि बढ्न सकेन । यसलाई सम्पदा सूचीमा पार्नका लागि स्थानीय तहबाट नागरिक समाज र स्थानीय संस्थाहरूले दबाब सिर्जना गर्दै आएका थिए ।

विसं २०७० को दशकमा जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन हस्ताक्षर संकलन नै सुरु गरिएको थियो । त्यसअन्तर्गत पहिलो चरणमा संकलित करिब ५५ हजार हस्ताक्षर युनेस्कोलाई बुझाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई प्रदान गरिएको थियो ।

त्यसअघि पनि बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले जानकी मन्दिरलाई विश्व सम्पदामा लैजान विभिन्न अभियान सञ्चालन गरेको थियो । के देखिन्छ भने, स्थायी तहमा रहेका विभिन्न गैर सरकारी तथा नागरिक संस्थाहरूले विश्व सम्पदा सूचीमा पार्न अभियान त सञ्चालन गरे । तर, सरकारको तर्फबाट अघि बढ्नुपर्ने प्रक्रिया भने औपचारिक रूपमा अघि बढ्न सकेन ।

आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को नीति तथा कार्यक्रममा पनि जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गर्ने विषय समेटिएको पनि थियो । तर, विश्व सम्पदा सूचीका लागि महत्त्वपूर्ण कदमका रुपमा रहेको जानकी मन्दिर आसपासको क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा भने नयाँ सरकार निर्माण भएपछि मात्र हुन सक्यो ।

चार किल्ला तोक्ने कामसहित संरक्षित स्मारक क्षेत्रका रूपमा गरिएको घोषणा विश्व सम्पदा सूचीमा नामांकनका लागि आवश्यक संरक्षण र व्यवस्थापन संरचना निर्माण गर्ने दिशामा एक महत्त्वपूर्ण प्रशासनिक कदम हो ।

यस कार्यका लागि निर्णायक भूमिका खेलेका रास्वपा नेता एवं धनुषा- ३ बाट निर्वाचित सांसद मनिष झाका भनाइमा, विश्व सम्पदा सूचीमा जानकी मन्दिर समावेश हुँदा यसको सकारात्मक असर जनकपुर क्षेत्रको पर्यटनमा पर्नेछ ।

'जानकी मन्दिर युनेस्कोको विश्व सम्पदा सूचीमा समावेश हुनु भनेको जनकपुर क्षेत्र पर्यटन ग्लोबल म्यापमा समावेश हुनु हो,' झा भन्छन्, 'यसै पनि हिन्दु धर्मावलम्बीहरूका लागि जनकपुर महत्त्वपूर्ण छँदै छ, विश्व सम्पदा सूचीमा परेपछि यसको महत्त्व अरु बढ्नेछ ।'

झाले भनेजस्तै, जानकी मन्दिर यदि विश्व सम्पदा सूचीमा सूचीकृत हुनसक्यो भने पहिलो ठूलो प्रभाव यसले प्राप्त गर्नसक्ने अन्तर्राष्ट्रिय पहिचानमा पर्नेछ । यसर्थ कि, जानकी मन्दिर सयौं वर्षदेखि विश्वभरका हिन्दु तीर्थयात्रीहरूका लागि महत्त्वपूर्ण गन्तव्य बन्दै आएको छ । विश्व सम्पदा सूचीमा समावेश भएपछि हिन्दु धर्मावलम्बीहरूले यसको महत्त्वलाई अझ उचाइबाट बुझ्नेछन् । यसबाहेक युनेस्कोले विश्व सम्पदा सूचीको दर्जा प्रदान गर्दा जानकी मन्दिरको वास्तुकला र सांस्कृतिक पहिचान अझ बढी उजागर हुनेछ ।

खासमा जनकपुर जानकी मन्दिर भएको स्थान मात्र होइन, मिथिला सभ्यता, रामायण परम्परा, पोखरी, मठ, कुटी, मिथिला कला र मैथिली संस्कृतिको केन्द्र पनि हो । विश्व सम्पदा सूचीमा सूचीकरणसँगै पर्यटकहरूको आगमनमा हुने वृद्धिले मिथिला सभ्यता बारेको ज्ञानसमेत विस्तार हुनेछ ।

सांसद झाको भनाइमा, विश्व सम्पदा सूचीमा सूचीकृत हुने सम्भावना रहेका अन्य सम्पदामध्ये जानकी मन्दिर सबैभन्दा महत्त्वपूर्ण सम्पदा हो भने यातायातका दृष्टिले पनि जनकपुर पुग्न अन्तर्राष्ट्रिय पर्यटकहरूको सहज छ ।

'त्यसैले, सरकारी निकायहरूले यसपटक जनकपुरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गर्न ध्यान केन्द्रित गर्नुपर्छ', उनी भन्छन्, 'विश्व सम्पदा सूचीमा सूचीकृत भएपछि अन्तर्राष्ट्रिय पर्यटकहरूको संख्यामा वृद्धि हुने भएकाले अन्य पूर्वाधारको विकासमा पनि अहिल्यैदेखि ध्यान दिनु जरुरी छ ।'

-नेपाल भ्युज

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेशमा भ्रष्टाचार सम्बन्धी....................

देशभर सबैभन्दा बढी उजुरी पर्ने जिल्लामा काठमाडौं पहिलो स्थानमा रहेको देखाएको छ भने मधेसको धनुषा २ हजार १ सय १ उजुरी सहित दोस्रो स्थानमा छ। देशभर धेरै उजुरी पर्ने प्रमुख १० जिल्लामध्ये कास्कीबाहेक अधिकांश जिल्ला मधेस प्रदेशका छन् । प्रतिवेदनमा पर्सामा १ हजार ४ सय ४, महोत्तरीमा १ हजार ३ सय ९३, बारामा १ हजार ३ सय १८, सप्तरीमा १ हजार २ सय ३, सिरहामा १ हजार १ सय ७६ र रौतहटमा १ हजार १ सय ४९ उजुरी दर्ता भएको देखाइएको छ । मधेसमा परेका उजुरीमध्ये अधिकांश स्थानीय तहको बढी र हेको देखिन्छ। देशभरका स्थानीय तहसँग सम्बन्धित उजुरीमध्ये मधेस प्रदेशमा मात्रै ७ हजार ३ सय ७० (३६.८०) प्रतिशत उजुरी परेको आयोगको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै स्थानीय तहपछि प्रदेश सरकारसँग सम्बन्धित उजुरीको तथ्यांकमा पनि मधेस अग्रणी स्थानमा देखिएको छ। देशभर प्रदेश सरकारसँग सम्बन्धित ५ हजार ३ सय ५ उजुरी मध्ये मधेस प्रदेशसँग मात्रै १ हजार ४ सय ७५ (२७.८०) प्रतिशत उजुरी रहेको प्रतिवेदनमा देखाइएको छ ।

मधेसका सर्लाही, महोत्तरी, धनुषा र सिरहा गरी चार जिल्लासहित नौ जिल्लाको जिम्मेवारी अख्तियार को बर्दिबास कार्यालयले हेर्दै आएको छ भने बागमतीका दुई र कोशीका तीन जिल्ला हेर्दै आएको छ । बर्दिबास कार्यालयका सूचना अधिकार प्रकास पोखरेलले आर्थिक वर्ष २०८२/८३ मा कार्यालयमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका तथा सो अवधिमा दर्ता भएका गरी जम्मा ३ हजार ८ सय ३६ उजुरी रहेकोमा तीमध्ये २ हजार ५ सय ८ )६५.३८) प्रतिशत उजुरी फछ्र्योट भएको बताए । उनका अनुसार बाँकी १ हजार ३ सय २८ उजुरी आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सरेका छन् । आयोग मातहतका आठ कार्यालयमध्ये बर्दिबासमा सबैभन्दा बढी ९.३९ प्रतिशत उजुरी दर्ता भएको उनको भनाइ छ ।

कार्यालयमा परेको उजुरीमध्ये शिक्षा क्षेत्रसँग सम्बन्धित १४.६७ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जनसँग सम्बन्धित ७.०८ प्रतिशत र अन्य विविध विषयसँग सम्बन्धित उजुरी १०.४६ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख कर्णले उजुरीको चाप धेरै देखिएकाले यसको निरुपणतर्फ आयोगले थप अग्रसर भएर काम गर्नुपर्नेमा जोड दिएका छन् । आर्थिक वर्ष २०८२/८३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मुख्यालय र सबै कार्यालयमा विभिन्न माध्यमबाट ३३ हजार ५ सय १० नयाँ उजुरी दर्ता भएका थिए । अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ७ हजार ३ सय २३ उजुरी समेत गरी कुल ४० हजार ८ सय ४२ उजुरी कायम भएका थिए । तीमध्ये ३२ हजार ८ सय २३ अर्थात् ८०.३७ प्रतिशत उजुरी प्रारम्भिक छानबिनबाट फछ्र्योट भएका छन् भने ८ हजार १९ उजुरी आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सरेका छन् । तहगत रूपमा स्थानीय तहसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै २० हजार २५ (४९.०३) प्रतिशत छन् ।

संघसँग सम्बन्धित १५ हजार ५ सय १२ (३७.९८) प्रतिशत र प्रदेशसँग सम्बन्धित ५ हजार ३ सय ५ (१२.९९) प्रतिशत उजुरी दर्ता भएका छन् । आयोगले विस्तृत अनुसन्धान सम्पन्न गरी निर्णय गरेका ७ सय ८७ उजुरीमध्ये १ सय ७५ वटा मुद्दा विशेष अदालतमा दायर गरिएको प्रतिवेदनमा उल्लेख छ । दायर भएका मुद्दामध्ये संघसँग सम्बन्धित ६८, प्रदेशसँग सम्बन्धित ३० र स्थानीय तहसँग सम्बन्धित ७७ वटा छन् । प्रदेशगत रूपमा सबैभन्दा धेरै मुद्दा बागमती प्रदेशसँग सम्बन्धित ४४ वटा दायर भएका छन् भने मधेस प्रदेशसँग सम्बन्धित ४० वटा मुद्दा दायर भएका छन् । आयोगमा परेका उजुरीमध्ये सबैभन्दा ठूलो हिस्सा संघीय मामिला तथा स्थानीय तहसमेतको भूमि प्रशासनसँग सम्बन्धित रहेको छ । यस्तो उजुरी ६.७७ प्रतिशत छन् । गृह प्रशासनसँग सम्बन्धित ४.५ प्रतिशत, वन तथा वातावरणका ४.०७ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायातका ३.६७ प्रतिशत, स्वास्थ्यका ३.६४ प्रतिशत, नक्कली शैक्षिक प्रमाणपत्रका ३.३९ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइका २.५० प्रतिशत, अर्थसँग सम्बन्धित २.२४ प्रतिशत तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनसँग सम्बन्धित १.५७ प्रतिशत उजुरी परेको प्रतिवेदनमा उल्लेख छ ।

# मोटरसाइकल दुर्घटनामा परेका चालकको साथबाट पेस्तोल बरामद

**खबर दर्पण समाचारदाता**

**असोज १९ गते, सर्लाही**



सर्लाहीको कविलासी नगरपालिका-३, मदनपुरबाट पेस्तोलसहित एक युवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मदनपुरकै ३३ वर्षीय तुलसी ठाकुर रहेका जिल्ला प्रहरी कार्यालय मलङ्गवा सर्लाहीले जनाएको छ। ठाकुरलाई एक थान सिक्सर पेस्तोलसहित प्रहरीले नियन्त्रणमा लिएको हो ।

मोटरसाइकल दुर्घटना भएको सूचना पाएपछि घटनास्थलमा प्रहरी टोली पुग्दा मोटरसाइकल चालक ठाकुरको साथबाट हतियार बरामद भएको सर्लाही प्रहरीका प्रवक्ता एवं डीएसपी वेदप्रसाद गौतमले जानकारी दिनुभयो ।

ठाकुर सोमबार बिहानपख बीआर ३० वाइ २८५३ नम्बरको मोटर साइकल चढेर प्रदेश राजधानी जनकपुरबाट मदनपुरस्थित घरतर्फ आउँदै गर्दा दुर्घटनामा परेका प्रहरीले जनाएको छ ।

मोटरसाइकल दुर्घटना हुँदा ठाकुरको दाहिने गाला र बायाँ हातमा सामान्य चोट लागेको डिएसपी गौतमले बताउनुभयो । प्राथमिक उपचारपछि उनलाई जिल्ला प्रहरी कार्यालय मलङ्गवाको हिरासतमा राखी अनुसन्धान भइरहेको डीएसपी गौतमले जानकारी दिनुभयो ।

ठाकुरले कुनै आपराधिक घटना घटाउने उद्देश्यले पेस्तोल बोकेर हिँडेको हुनसक्ने आशङ्का गरिएको छ ।

# तराई-मधेशको खानेपानी संकट....

१३६ स्थानमा सडक तथा पुलमा क्षति पुगेको उहाँले जानकारी दिनुभयो। मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोरअन्तर्गतको सिद्धार्थ राजमार्ग तथा डुम्रे-बेंसीसहर-चामे सडकमा समेत क्षति पुगेको उहाँले बताउनुभयो।

सडक मर्मतका लागि तत्काल करिब ३५ करोड रुपियाँ र पुल मर्मतका लागि तीन अर्ब ८७ करोड रुपियाँ आवश्यक पर्ने अनुमान गरिएको छ। सडक तथा पुलको पूर्ण पुनर्निर्माणका लागि भने आठ अर्ब ३७ करोड रुपियाँभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो।

## ४७ हिमताल विस्फोटको उच्च जोखिममा

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतबहादुर कार्कीले नेपालतर्फका ४७ वटा हिमताल विस्फोटको उच्च जोखिममा रहेको जानकारी गराउँदै सम्भावित जोखिम न्यूनीकरणका लागि पूर्वतयारी आवश्यक रहेको बताउनुभयो।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले बाढी प्रभावित क्षेत्रमा संघीय तथा स्थानीय सरकारसँग समन्वय गरी प्रदेश सरकारले उद्धार तथा पुनःस्थापनाका काम अघि बढाइरहेको जानकारी दिनुभयो।

उहाँका अनुसार रसुवाका बाढी प्रभावित क्षेत्रमा पाँच वटा झोलुङ्गे पुल र दुई स्थानमा बेलिब्रिज निर्माणका लागि बोलपत्र आह्वान गर्ने तयारी भइरहेको छ।

राष्ट्रिय परिषद्को बैठकमा प्रस्तुत धारणा तथा प्रस्तावहरूले विपद् व्यवस्थापनलाई उद्धार र राहतमा मात्र सीमित नराखी दीर्घकालीन जोखिम न्यूनीकरण, पूर्वतयारी, पुनःस्थापना तथा पुनर्निर्माणसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता औंल्याएका छन्।

विशेषगरी तराई-मधेशमा देखिँदै गएको भूमिगत जलस्रोतको संकटलाई समयमै सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वयसँगै पर्याप्त स्रोतसाधन परिचालन गर्नुपर्ने आवश्यकता बैठकले समेत उजागर गरेको छ।

# कतारमा गुञ्जियो जितियाको भाका, थारू संस्कृति संरक्षणको सन्देश

**आशिक हुसैन शेख**

दोहा, कतार । प्रवासमा रहेर पनि आफ्नो मौलिक भाषा, संस्कृति र पहिचानलाई जीवन्त राख्ने उद्देश्यले थारू कल्याणकारिणी सभा (थाकसा) कतार च्याप्टर महिला विभागले आयोजना गरेको 'जितिया पर्व विशेष सांस्कृतिक कार्यक्रम-२०२६' भव्य रूपमा सम्पन्न भएको छ।

शुक्रबार कतारको सनैयास्थित प्लाजा मलमा रहेको मेसकैफे रेस्टुरेन्टको सभा हलमा आयोजित कार्यक्रममा थारू समुदायको मौलिक कला, संस्कृति, परम्परा र धार्मिक आस्थासँग जोडिएका विभिन्न सांस्कृतिक प्रस्तुति प्रस्तुत गरिएको थियो।

'जातीय पहिचानको संरक्षण, प्रवर्द्धन, शैक्षिक, आर्थिक, सामाजिक उत्थान हाम्रो समर्पण' भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा कतारमा रहेका थारू समुदायका सदस्यसँगै विभिन्न नेपाली सङ्घ-संस्थाका प्रतिनिधि, सामाजिक अभियन्ता, व्यवसायी, इन्जिनियर, बुद्धिजीवी तथा सञ्चार कर्मीको उल्लेख्य सहभागिता थियो।

थारू समुदायमा सन्तानको सुख, शान्ति, दीर्घायु तथा पारिवारिक समृद्धिको कामनासहित मनाइने जितिया पर्वको अवसरमा आयोजना गरिएको कार्यक्रमले प्रवासमा पनि आफ्नो सांस्कृतिक पहिचान संरक्षण गर्नुपर्ने सन्देश दिएको आयोजकले जनाएको छ।

## नयाँ पुस्तालाई संस्कृतिसँग जोड्ने प्रयास

कार्यक्रमकी सभापति तथा थाकसा कतार च्याप्टर महिला विभाग प्रमुख शर्मिला चौधरीले प्रवासमा रहेका थारू समुदायलाई आफ्नो भाषा, संस्कृति र परम्परासँग जोडिराख्न यस्ता कार्यक्रम महत्वपूर्ण हुने बताउनुभयो।

कार्यक्रममा नेपाल आदिवासी जनजाति महासङ्घ कतारकी महिला विभाग संयोजक रबिना मगर प्रमुख अतिथि तथा नेपाली महिला समाज कतारकी उपाध्यक्ष लिला राई विशिष्ट अतिथिका रूपमा सहभागी हुनुभएको थियो।

त्यस्तै थाकसा कतारका सभापति भगवतीप्रसाद चौधरी, संरक्षक इन्जिनियर सियाराम चौधरी, प्रमुख सल्लाहकार हरिबहादुर महतो, विशेष सल्लाहकार श्यामलाल चौधरी, संस्थापक महामन्त्री तथा पूर्व संरक्षक एवं नेपाल इन्जिनियरिङ एसोसिएसन कतार च्याप्टरका अध्यक्ष इन्जिनियर सिताराम चौधरीलगायतको उपस्थिति थियो।

इन्जिनियर सिताराम चौधरीले थारू समुदायको मौलिक भाषा, संस्कृति, परम्परा र रीतिरिवाजको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले थारू समुदायको ऐतिहासिक पहिचान र सांस्कृतिक सम्पदा नयाँ पुस्तासम्म हस्तान्तरण गर्नु सबैको साझा जिम्मेवारी भएको बताउनुभयो। कतारमा रहेका थारू समुदायबीच एकता, भाइचारा र सहकार्यलाई थप सुदृढ गर्नुपर्ने उल्लेख गर्दै उहाँले प्रवासमा आफ्नो पहिचान जोगाउँदै विभिन्न नेपाली समुदायबीच सद्भाव र सहिष्णुता कायम गर्नुपर्ने धारणा राख्नुभयो।

## बाढीपहिरो पीडितप्रति श्रद्धाञ्जली

गुन्जा चौधरीले सञ्चालन गर्नुभएको कार्यक्रम राष्ट्रिय गानबाट सुरु भएको थियो। त्यसपछि ज्ञात-अज्ञात सहिदप्रति सम्मान व्यक्त गर्दै रसुवा तथा नुवाकोटमा आएको बाढीपहिरोमा परी ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो।

घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै दिवङ्गत आत्माको चिर शान्तिका लागि एक मिनेट मौनधारण गरिएको थियो।

कार्यक्रम संयोजक गंगा चौधरी र पूजा चौधरीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। अतिथिहरूलाई खादा ओढाएर सम्मान गर्नुका साथै दीप प्रज्वलन गरी कार्यक्रमको औपचारिक उद्घाटन गरिएको थियो।

जितिया पर्वको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वबारे सृजना चौधरीले जानकारी गराउनुभएको थियो भने थाकसा कतारका सांस्कृतिक संरक्षक तथा सल्लाहकार अरुणकुमार चौधरीले परम्परागत जितिया कथा वाचन गर्नुभएको थियो।

## थारू नृत्य र गीतले ततायो माहोल

कार्यक्रमको मुख्य आकर्षण थारू समुदायको मौलिक गीत तथा नृत्य



बनेको थियो। 'एले जितिया', 'थारू पावन खेले', 'झुम्रा नाच', 'गुराँस फुल्दा बनाई रमाइलो', 'जिन्गी रे' तथा 'थुन्दिया बोलाए सजना'लगायत गीतमा कलाकारहरूले आकर्षक नृत्य प्रस्तुत गरेका थिए।

सुनिता, पूजा, पूर्णिमा, सुस्मिता, एन्जिला, रितु, बिन्दा, हरेराम, सञ्जय, कमल, जीवन, प्रिया, रिमा, समिता, गंगा, विमल, महेन्द्र, मनोज, सृजना, अरुण तथा पुलकितलगायत कलाकारले प्रस्तुति दिएका थिए।

अन्तर्राष्ट्रिय मिथिला कला संस्कृति ग्रुप दोहा, कतारको सहयोगमा मनिष गोस्वामी, सन्तोष विश्वकर्मा, मनोज शर्मा, जितेन्द्र पासवान, रामजनम मण्डल, रामानन्द चौधरी, शैलेन्द्र यादव, विश्वेश्वरप्रसाद तथा वोकिल मण्डललगायत कलाकारले समेत सांस्कृतिक प्रस्तुति दिएका थिए।

त्यस्तै सन्तोषी चौधरी, उपेन्द्र, बिना, सविन चौधरी, अजयकुमार धनुवार तथा चन्द्र चौधरीलगायत गायक-गायिकाले गीत प्रस्तुत गरेका थिए। कलाकारहरूको उत्साहपूर्ण प्रस्तुति तथा परम्परागत गीत-संगीत र नृत्यले कार्यक्रमस्थललाई सांस्कृतिक उत्सवमय बनाएको थियो।

कार्यक्रमको समापन गर्दै शर्मिला चौधरीले कार्यक्रम सफल बनाउन सहयोग गर्ने प्रायोजक, कलाकार, अतिथि, सङ्घ-संस्थाका प्रतिनिधि तथा उपस्थित शुभेच्छुकप्रति आभार व्यक्त गर्नुभयो।

प्रवासमा आयोजना गरिएको कार्यक्रमले थारू समुदायको मौलिक संस्कृति र पहिचानलाई नयाँ पुस्तासम्म पुऱ्याउनुका साथै कतारमा रहेका नेपाली समुदायबीच एकता, सद्भाव र सहकार्यको सन्देश दिएको आयोजकको भनाइ छ।

# तराई-मधेशको खानेपानी संकट समाधान गर्न संघीय सहयोग आवश्यक

**खबर दर्पण समाचारदाता**

**असोज १९ गते, बर्दिवास**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले तराई-मधेशमा भूमिगत पानीको सतह घट्दै गएकाले देखिएको खानेपानीको समस्या समाधानका लागि संघीय सरकारको तत्काल सहयोग आवश्यक रहेको बताउनुभएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र ाष्ट्रिय परिषद्को २१औँ बैठकमा मुख्यमन्त्री यादवले तराई-मधेशमा भूमिगत जलस्रोतको अवस्था कमजोर बन्दै गएको भन्दै समयमै आवश्यक कदम चाल्न संघीय सरकारको ध्यानाकर्षण गराउनुभएको हो।

उहाँले तिहारपछि तराई-मधेशका विभिन्न क्षेत्रमा खानेपानीको समस्या अझ गम्भीर बन्न सक्ने बताउँदै यसको तत्काल र दीर्घकालीन समाधानका लागि आवश्यक योजना, स्रोतसाधन र अन्तरसरकारी समन्वय सुनिश्चित गर्न आग्रह गर्नुभयो।

“तराई-मधेशमा अहिले जमिनमुनिको पानीको सतह कमजोर भइरहेको छ, तिहारपछि थप समस्या हुन सक्छ। यसका लागि केन्द्र सरकारको साथ आवश्यक छ,” उहाँले भन्नुभयो।

मुख्यमन्त्री यादवले खानेपानीको समस्या तत्कालको आवश्यकता पूरा गर्ने विषयमा मात्र सीमित नभई दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने बताउनुभयो। भूमिगत पानीको सतहमा आएको गिर ावटले खानेपानीसँगै कृषि, पशुपालन तथा अन्य आर्थिक गतिविधिमा समेत प्रत्यक्ष प्रभाव पार्न सक्ने भएकाले संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको उहाँको भनाइ थियो।

## विपद् व्यवस्थापनमा समन्वयलाई प्राथमिकता

बैठकमा प्रधानमन्त्री बालेन्द्र साहले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयमा विपद् व्यवस्थापनका कामलाई उच्च प्राथमिकताका साथ अघि बढाइएको बताउनुभयो। उपलब्ध स्रोतसाधन र जनशक्ति परिचालन गरी विपद् प्रभावित क्षेत्रमा उद्धार, राहत तथा पुनःस्थापनाका कामलाई तीव्रता दिइएको उहाँले जानकारी दिनुभयो।



प्रधानमन्त्री साहले पछिल्लो समय विभिन्न क्षेत्रमा भएका बाढीपहिरोबाट भएको क्षतिको अध्ययन, पुनःस्थापना र पुनर्निर्माणमा सरकार केन्द्रित र हेको बताउनुभयो। भोटेकोशी-त्रिशूली, गण्डकीलगायतका क्षेत्रमा बाढीपहिरोबाट भएको क्षतिको मूल्याङ्कन गरी पुनःस्थापना तथा पुनर्निर्माणका काम अघि बढाइएको उहाँले उल्लेख गर्नुभयो।

विपद् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणालीलाई थप सुदृढ र व्यवस्थित बनाउने सरकारको तयारी रहेको प्रधानमन्त्री साहले बताउनुभयो। हिमपहिरोको जोखिम न्यूनीकरणका लागि समेत आवश्यक काम भइरहेको उल्लेख गर्दै उहाँले जोखिम पहिचान, पूर्वतयारी र समयमै सूचना प्रवाहलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

विपद्का समयमा आफ्नो ज्यान जोखिममा राखेर उद्धार तथा र ाहतमा खटिएका राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक तथा राजनीतिक दलका प्रतिनिधिलगायत सबैप्रति प्रधानमन्त्री साहले कृतज्ञता व्यक्त गर्नुभयो। विपद्को समयमा उद्धार, राहत र पुनःस्थापनाका काममा सबै पक्षको सहकार्य आवश्यक रहेको उहाँले बताउनुभयो।

## बेपत्तालाई मृतक घोषणा गर्ने कानुनी व्यवस्था माग

बैठकमा नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले विपद्मा परी लामो समयदेखि सम्पर्कविहीन भएका व्यक्तिलाई मृतक वा मृतकसरह घोषणा गर्न सकिने गरी कानुनी व्यवस्था संशोधन गर्नुपर्ने धारणा राख्नुभयो।

उहाँले विपद्को समयमा राज्यका सबै संयन्त्र र राजनीतिक दल एकजुट भएर उद्धार, राहत तथा पुनःस्थापनामा परिचालन हुनुपर्ने बताउनुभयो।

## गण्डकीमा पुनर्निर्माणका लागि विशेष प्याकेजको माग

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले असोज ९ देखि ११ गतेसम्म आएको बाढीपहिरोबाट प्रदेशमा ठूलो क्षति भएको भन्दै पुनर्निर्माणका लागि विशेष प्याकेज उपलब्ध गराउन संघीय सर कारसँग माग गर्नुभयो।

उहाँका अनुसार बाढीपहिरोमा परी गण्डकी प्रदेशमा ३५ जनाको मृत्यु, पाँच जना बेपत्ता र १५ जना घाइते भएका छन्। बाढीका कारण ४०६ घर पूर्ण रूपमा र ७३६ घर आंशिक रूपमा क्षतिग्रस्त भएका छन्।

बाढीपहिरोका कारण २६ किलोमिटर सडक अवरुद्ध हुनुका साथै

*बाँकी पृष्ठ ३ मा*


**सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**


नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति २०६६।१२।०१ मा दर्ता भएको प्रा.लि.नं.७१३०२ भएको मोक्ष प्रोडक्सन (प्रा.ली.) को २०८३।०६।१८ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर: गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८

कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ

सम्पर्क नम्वर:९८४३२४५०८२

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६१।०७।२६ मा दर्ता भएको सन्ध्या मेटल तथा फर्निचर उद्योग प्राइभेट लिमिटेड (प्रा.ली. नं. ३१५४१) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७२।०९।२८ मा दर्ता भएको एक्टिभ नलेज एकेडेमी नुवाकोट, प्राइभेट लिमिटेड (प्रा.ली. नं. १४३७८३) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,